# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ३) छत्रदेव गाउँपालिका, मितिः २०७६/०२/१० (संख्या १

**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७६ सालको कार्यविधि नं. १**

**कार्यविधिको नाम : छत्रदेव गाउँपालिकाको जग्गा प्राप्ति सम्बन्धी कार्यविधि, २०७६**

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्र वा विषयमध्ये गाउँपालिका र सो अन्तर्गतका कार्यालय र अन्यसरकारी कार्यालयसमेतको भवन तथा संरचना निर्माण एवं व्यवस्थापनको लागि जग्गा तथा संरचना प्राप्त गर्न बाञ्छनिय भएकोले छत्रदेव गाउँपालिकाको प्रशासकीय कार्यविधि

(नियमित गर्ने) ऐन ,२०७५ को दफा ४ को उपदफा (१) बमोजिम छत्रदेव गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

(१) यो कार्यविधिको नाम "छत्रदेव गाउँपालिकाको जग्गा प्राप्ति सम्बन्धी कार्यविधि २०७६" रहेको छ ।

(२) यो कार्यविधि छत्रदेव गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागुहुनेछ ।

## २. परिभाषा र ब्याख्याः

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "जग्गा" भन्नाले कसैको हकभोगमा रहेको जुनसुकै जग्गा र त्यसमा स्थायी रुपले रहेको पर्खाल, घर, रुख समेत सम्झनुपर्छ र सो शब्दले त्यस्तो जग्गामा स्थायी रुपले जडान भएको जुनसुकै वस्तुलाई समेत जनाउँछ ।

(ख) "सार्वजनिक काम" भन्नाले सर्वसाधारण जनताको हित, लाभ वा उपयोगको लागि हुने काम वा संघीय सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको तर्फबाट हुने काम सम्झनु पर्छ र सो शब्दले देहायको कामलाई समेत जनाउँछ :-

१.संघीय सरकारले स्वीकृत गरेको परियोजना,

२. प्रदेश सरकारले स्वीकृत गरेको परियोजना,

३. गाउँपालिका द्धारा सञ्चालन गरिने परियोजना,

(ग) “स्थानीय अधिकारी” भन्नाले गाउँ कार्यपालिकाले तोकेको अधिकृत सम्झनु पर्छ।

(घ) “सरोकारवाला व्यक्ति” भन्नाले यस ऐन अन्तर्गत जग्गा प्राप्त गरेवापत दिइने क्षतिपूर्ति वा मुआब्जामा हकपुग्ने व्यक्ति सम्झनुपर्छ।

(ङ) “संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा गठन भएको कम्पनी, विकास समिति वा संस्था समझनु पर्दछ।

**३. सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने अधिकार:**

१) गाउँपालिकाले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस कार्यविधि बमोजिमको मुआब्जा दिने गरी गाउँपालिकाले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ।

**४. जग्गा प्राप्त गर्ने निर्णयको प्रारम्भिक कारवाई चलाउने अधिकारी:**

१) दफा ३ को अधिकार प्रयोग गरी कार्यान्वयन गर्न गाउँपालिकाले कम्तीमा राजपत्राङ्कित तृतिय श्रेणीसम्मको कर्मचारीलाई प्रारम्भिक कारबाई चलाउने अधिकारी तोक्न सक्नेछ।

२) गाउँपालिकाले गाउँपालिका वा सो अन्तर्गतका अन्य कार्यालयको भवन, संरचना निर्माण गर्न वा अन्य

सार्वजनिक कार्यको लागि आवश्यक पर्ने जग्गा छनौट गर्न कार्यपालिकाको सदस्यको संयोजकत्वमा गाउँपालिकाका सदस्य रहेको ५ सदस्यीय "जग्गा प्राप्ति समिति" गठन गर्न सक्नेछ ।सदस्य सचिवको रुपमा गाउँपालिकाको कुनै कर्मचारीलाई तोकिनेछ ।

३) उक्त समितिमा प्राविधिक विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

४) उक्त समितिले प्रचलित बजार मूल्यको आधारमा प्राप्त गर्न लागेको जग्गा तथा घरसंरचनाको मुआब्जा मूल्य निर्धारण गर्ने छ ।

## ५. <u>जग्गा प्राप्त गर्ने सम्बन्धी प्रारम्भिक कारवाही</u>

१) दफा ४ को उपदफा (१) बमोजिम। प्रारम्भिक कारबाई चलाउने अधिकारीले सरोकारवाला व्यक्तिको जानकारीको निमित देहायका कार्या।लय वा स्थानमा एक एक प्रति सूचना टाँस गर्नु पर्नेछः-

क) सम्बन्धित जग्गाको आसपासमा सर्वसाधारण जनताको बढी आवागमन हुने स्थान,

ख) सम्बन्धित गाउँपालिका वा वडा कार्यालय,

ग) घर र त्यसले चर्चेको कुनै कम्पाउण्ड समेत प्राप्त गर्नुपर्ने भएमा त्यस्तो घर दैला वा कम्पाउण्डको पर्खाल ।

२) उपदफा (१) बमोजिम सूचना जारी भएपछी जग्गा प्राप्ति समितिले काम कारबाई गर्न आवश्यक

सङ्ख्यामा कर्मचारी वा कामदारसहित सम्बन्धित जग्गा वा घरको नाप जाँच गर्न सक्नेछ ।

३) उपदफा (२) बमोजिमको काम कारबाई गर्दा त्यस्तो जग्गामा लगाएको कुनै बाली वा रुख काट्न वा उखेल्नु परेमा वा कुनै छेकवार वा पर्खाल हटाउनु वा भत्काउनु परेमा प्रारम्भिक कारबाई चलाउने अधिकारीको आदेश लिई कुनै व्यक्तिले गर्न सक्नेछ र त्यस्तो काम गर्दा भरसक सरोकारवाला व्यक्तिको उपस्थितिमा गर्नुपर्नेछ ।

६. **नोक्सानी वापत क्षतिपूर्ति दिइने :**

१) दफा ५ बमोजिम बाली, रुख, पर्खाल आदि काटेको वा भत्काए बापतको नोक्सानीको लागि र माटो, ढुङ्गा, झिक्दा खाडल खन्दा नोक्सानी भएमा सो बापत क्षतिपूर्ति दिइनेछ ।

२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम प्रारम्भिक कारबाई चलाउने अधिकारीले निर्धारण गरी सरोकारवाला व्यक्तिलाई दिनेछ ।

७. **जग्गा प्राप्ति समितिले प्रतिवेदन पठाउनु पर्नेः**

१) प्रारम्भिक कारबाई चलाएको मितिले बढीमा सात दिनभित्र जग्गा प्राप्ति समितिले सो कारबाई पुरा गरी उपयुक्त देखिएको जग्गा एकिन गरी सो सम्बन्धी अन्य आवश्यक विवरण सहितको प्रतिवेदन यथाशिघ्र गाउँ कार्यपालिकासमक्ष पठाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्रतिवेदन पठाउँदा समितिले निर्धारण गरेको क्षतिपूर्तिको रकम र नोक्सानीको सम्पूर्ण विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

## ८. जग्गा प्राप्ति गर्ने कुराको सूचनाः

१) दफा ७ बमोजिम प्रारम्भिक कारबाईको प्रतिवेदन प्राप्त भएपछि प्राप्त गरिने जग्गाको सम्बन्धमा देहायका कुराहरु खोली स्थानीय अधिकारीले सूचना जारी गर्नेछः-

क) कुन कामको लागि जग्गा प्राप्ति गरिने हो,

ख) जग्गा मात्र वा त्यसमा रहेको घर पर्खाल आदि समेत प्राप्त गर्ने हो,

ग) जग्गा रहेको गाउँपालिका वा नगरपालिकाको नाम र त्यसको वडा नम्बर,

घ) नापी भएको ठाउँमा भए कित्ता नम्बर,

ङ) नापी नभएको जग्गा भए जग्गाको चार किल्ला,

च) जग्गाको क्षेत्रफल,

छ) अन्य आवश्यक विवरण,

२) उपदफा (१) बमोजिमको सूचनाको एक एक प्रति देहाएको स्थानमा टाँस्नु पर्नेछ :-

क) जुन परियोजनाको लागि जग्गा प्राप्त गरिने हो सो परियोजनाको कार्यालय,

ख) गाउँपालिकाको कार्यालय वा वडा कार्यालय,

ग) सम्बन्धित जग्गा रजिष्ट्रेशन गर्ने मालपोत कार्यालय वा भूमि प्रशासन कार्यालय,

घ) सम्बन्धित जग्गाको आसपासमा,

ङ) स्थानीय अधिकारीले आवश्यक देखेको अन्य कुनै स्थान ।

३) उपदफा (१) बमोजिमको सूचना प्रकाशित गर्दा कुनै सरोकारवाला व्यक्तिले जानकारी पाउन नसक्ने कुरामा स्थानीय अधिकारी विश्वस्त भएमा त्यस्तो सरोकारवाला व्यक्तिलाई व्यक्तिगत तवरले पनि सूचना दिन सक्नेछ र त्यसरी सूचना दिदा मुआब्जा निर्धारण भई सकेको भए मुआब्जाको रकम बुझ्नको लागि समय र स्थान तोकिदिनुपर्नेछ ।

४) उपदफा (१) बमोजिम सूचना टाँस भएपछि स्थानीय अधिकारीबाट त्यस्तो जग्गाको कुनै किसिमले हक छोड्ने, लिखतको रजिष्ट्रेशन रोक्का वा फुकुवा गर्न अनुरोध भएमा सम्बन्धित भूमि प्रशासन कार्यालय वा माल अड्डाले रोक्का वा फुकुवा गर्न सक्नेछ ।

९. **<u>मुआब्जाको किसिम र सो को निर्धारण गर्ने समितिः</u>**

१) यस कार्यविधी बमोजिम प्राप्त गरिने जग्गाको मुआब्जा नगदीमा दिइनेछ ।

२) उपदफा (१) बमोजिमको मुआब्जाको रकम निर्धारण गर्न देहायका पदाधिकारीहरु भएको एउटा समिति रहनेछ :-

क) स्थानीय अधिकारी,

ख) जग्गा प्राप्ति समितिको संयोजक,

ग) गाउँ कार्यपालिकाले तोकेको एक जना कार्यपालिकाको सदस्य,

घ) सम्बन्धित वडाको वडाध्यक्ष,

ङ) गाउँपालिकाको प्राविधिक (अधिकृतस्तर)

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुआब्जा निर्धारण गर्दा सम्पूर्ण जग्गा पर्ने र केही जग्गा मात्र पर्ने व्यक्तिको हकमा बेग्लाबेग्लै मुआब्जाको दर कायम गर्न सकिनेछ ।

क) मुआब्जा निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरु : संघीय सरकार , प्रदेश सरकार वा गाउँपालिकाको पूर्ण स्वाामित्व भएको संस्थाको लागि प्राप्त गरिने जग्गाको मुआब्जा निर्धारण गर्ने समितिले देहायको कुरामा विचार गर्नु पर्नेछ :-

ख) गाउँपालिकाले समय समयमा दिएका निर्देशन,

ग) संघीय सरकार तथा प्रदेश सरकारबाट भएका निर्देशन,

घ) जग्गा प्राप्त गरेको कारणले सरोकारवाला व्यक्तिले आफ्नो बसोबास वा कारोवारको ठाँउ अन्यत्र सार्नु परेबाट बेहोर्नु परेको नोक्सानी ।

## १०. मुआब्जा पाउनेको नामावली र त्यस उपरको उजुरीः

१) दफा ८ बमोजिमको सूचनामा तोकिएको म्यादभित्र प्राप्त भएका निवेदनहरुबाट मुआब्जा पाउने ठहरीएका व्यक्तिहरुको नामावली तयार पारी सरोकारवाला व्यक्तिहरुको जानकारीको लागि स्थानीय अधिकारीले सूचना टाँस गर्नेछ ।

२) उपदफा (१) बमोजिम टाँस गरिएको नामावलिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना जारी भएको मितिले पाँच दिनभित्र गाउँपालिकामा उजुर गर्न सक्नेछ ।

३) उपदफा (२) बमोजिम परेका उजुरी तेरो मेरो वा हकभोगको सम्बन्धी बाहेक अरु विषयको भए गाउँपालिकाले साधारणतया पन्ध्र दिनभित्र किनारा लगाउनु पर्नेछ ।

तर त्यस्तो उजुरी तेरो मेरो वा हकभोग सम्बन्धी भएमा त्यस उपर कुनै कारबाई नगरी अदालतको अन्तिम निर्णय हकदैया कायम गरी आउने ब्यक्तिलाईयस कार्यविधिबमोजिम पाउने मुआब्जा दिइनेछ भनि मुआब्जा धरौट रहेने कार्यालयको नाम समेत उल्लेख गरी सम्बन्धित व्यक्तिलाई सूचना दिनुपर्नेछ ।

४) तेरो मेरो वा हकभोग सम्बन्धमा अदालतमा कारबाई चली त्यसको अन्तिम निर्णयबाट हकदैया कायम गरी आउने व्यक्तिले त्यस्तो अन्तिम निर्णय भएको २ वर्षभित्र उपदफा (३) बमोजिम धरौटी रहेको रकम बुझी लिनु पर्नेछ । सो म्याद नाघेपछि तयस्तो धरौटी

रहेको मुआब्जाको रकम लिन पाउने छैन र सो रकम संचित कोषमा दाखिल हुनेछ ।

५) मुआब्जा निर्धारण भएपछि सूचना गर्ने :मुआब्जा निर्धारण गर्ने समितिले मुआब्जा निर्धारण गरेपछि सम्बन्धित स्थानीय अधिकारीले सो कुराको सूचना गाउँपालिकालाई दिनु पर्नेछ ।

६) मुआब्जाबाट सरकारी बाँकी कट्टा गर्न सकिनेः यस कार्यविधि बमोजिम प्राप्त गरिएको जग्गाको मुआब्जा वितरण गर्दा सरोकारवाला व्यक्तिसित मालपोत, कर वा अन्य कुनै सरकारी रकम असुल गर्न बाँकी रहेछ भने त्यस्तो असुल गर्न बाँकी रहेको रकम मुआब्जाबाट कट्टा गर्न सकिनेछ ।

## ११. जग्गाको नामसारी र मालपोतको लगत कट्टा गर्ने :

१) उपदफा १३ बमोजिम सम्बन्धित निकायको स्वामित्वमा आएको जग्गा नामसारी गर्ने जानकारी स्थानीय अधिकारी र साविक जग्गावालालाई दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको लगट कट्टा गर्ने वा नामसारी गर्ने कार्य जुनसुकै मितिमा सम्पन्न भएतापनि त्यस्तो जग्गाको स्वामित्व सरेको मितिदेखि नै उक्त जग्गाको लगत कट्टा भएको वा नामसारी भएको मानिनेछ ।

**१२. स्वामित्व सर्नुभन्दा अघिको अवस्थालाई असर नपार्नेः** यस कार्यविधिबमोजिम गाउँपालिका, अन्य सरकारी निकायको

नाउँमा कुनै जग्गाको स्वामित्व सर्नुभन्दा अघिल्लो दिनसम्मकको साबिक जग्गावालाबाट त्यस्तो जग्गामा लागेको मालपोत वा कर वापत कुनै रकम असूल उपर गर्न बाँकी रहेको भए त्यसरी जग्गाको सवामित्व सरेपछि पनि त्यस्तो बाँकी रकम असूल उपर गर्ने कारबाई चलाउन यस दफाले बाधा पुऱ्याएको मानिनेछैन ।

**१३. विशेष परिस्थितिमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकारः**

१) कुनै साार्वजनिक सम्पतिको संरक्षणको निमित्त, तत्कालै भवन निर्माण गर्न वा अन्य कुनै असाधारण अवस्था परी गाउँपालिकाले कुनै जग्गा तत्कालै प्राप्त गर्नु परेमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सो सम्बन्धमा गाउँ कार्यपालिकाले निणर्य गरी त्यस्तो जग्गा प्राप्त गर्नेतर्फ कारबाई चलाउन स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको कामको निमित्त प्राप्त गर्नुपर्ने जग्गाको सम्बन्धमा दफा ८ को उपदफा (१) मा उल्लिखित कुराहरु मध्ये उपलब्ध भएसम्मका कुराहरु खुलाई सरोकारवाला व्यक्तिहरुको जानकारीको लागि सूचना जारी गर्नेछ र त्यस्तो सूचना जारी गर्दा सरोकारवाला व्यक्तिहरुले यथाशिघ्र जानकारी पाउन सक्ने भनि स्थानीय अधिकारीले उपयूक्त ठहराएको तरीकाबाट जारी गर्न सकिनेछ ।

३) उपदफा (२) बमोजिमको सूचना टाँस भएपछि जुनसुकै बखत स्थानीय अधिकारीले जग्गा प्राप्त गरी लिन

सक्नेछ र यसरी प्राप्त गरेको जग्गामा मितिदेखी गाउँपालिकाको स्वामित्व कायम हुन जानेछ ।

४) यस दफाबमोजिम जग्गा प्राप्त गर्दा त्यस्तो जग्गामा लागेको वाली, रुख र त्यसमा बनेको घर, पर्खाल आदिसमेत प्राप्त गरिने भएमा त्यसवापत सरोकारवाला व्यक्तिले क्षतिपूर्ति पाउनेछ ।

५) यस दफाबमोजिम प्राप्त गरिने जग्गाको मुआब्जाको निर्धारण दफा ९ बमोजिमको मुआब्जा निर्धारण समितिले गर्नेछ ।

६) यस दफाबमोजिम प्राप्त गरिएको जग्गाको मुआब्जा वा क्षतिपूर्तिको रकममा चित्त नबुझेकोमा बाहेक जग्गा प्राप्त गरिनु नपर्ने भन्ने विषयमा उजुर लाग्ने छैन ।

**१४. जग्गावालाको मञ्जुरी भएमा रीत पुगेको मानिनेः** गाउँपालिकाले कुनै जग्गा कुनै सार्वजनिक काममा लगाइसकेकोमा त्यस्तो जग्गा यस कार्यविधिको रीत पुऱ्याई प्राप्त नगरिएको भएतापनि सम्बन्धित जग्गावालाले मञ्जुर गरेको अवस्थामा सो जग्गाको क्षतिपूर्ति वा मुआब्जा यस कार्यविधिबमोजिम निर्धारण गर्न सकिनेछ । यसरी क्षतिपूर्ति वा मुआब्जा निर्धारण गरिएपछि सो जग्गा यस कार्यविधिबमोजिम प्राप्त गरिए सरह मानिनेछ ।

**१५. बार्ताद्धारा जग्गा प्राप्त गर्न सकिने :** यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले सार्वजनिक कामको लागि कुनै जग्गावालासित वार्ताद्धारा जग्गा प्राप्त गर्न

सक्नेछ र त्यसरी वार्ताद्वारा जग्गा प्राप्त गर्दा यस कार्यविधिमा लेखिएको अन्य रीत पूऱ्याईरहनु पर्नेछैन ।

१६. **घर आदि सहितको जग्गा प्राप्त गर्नेः** यस कार्यविधिबमोजिम जग्गा प्राप्त गर्दा सो जग्गामा रहेको बाली, रुख, पर्खाल, घर आदि पुरै लिइयोस भनि सरोकारवाला व्यक्तिले निवेदन गरेमा सो सवै लिने गरी कारबाई चलाउनु पर्नेछ ।

१७. **गाउँपालिकाले जग्गा प्राप्त नगर्ने निर्णय गर्न सक्नेः**

१) यस कार्यविधिबमोजिम जग्गा प्राप्त गर्ने गरी कारबाई चलाएकोमा कुनै पनि अवस्थामा गाउँपालिकाले जग्गा प्राप्त नगर्ने गरी निर्णय गर्न सक्नेछ र त्यस्तोमा सरोकारवाला व्यक्तिको जानकारीको लागि स्थानीय अधिकारीले  दफा ८ को उपदफा (२) बमोजिम सूचना टाँस्नु पर्नेछ ।

२) गाउँपाालिकाले जग्गा नलिने गरी कारबाही थामे तापनी दफा ५ बमोजिम प्रारम्म्भिक कारबाई गर्दा भइसकेको नोक्सानी बापत प्रारम्भिक कारबाई चलाउने अधिकारिले क्षतिपूर्ति दिई नसकेको भए स्थानीय अखधिकारीले दफा ६ बमोजिमको क्षतिपूर्ति निर्धारण गरि दिनेछ ।

१८. **स्वीकृति नलिई बनाएको घर वा लगाएको वाली जफत हुनेः**

१) यस  कार्यविधिबमोजिम प्राप्त गरेको जग्गाको स्वामित्व जग्गा लिने निकायको नाममा सरेपछि गाउँपालिकाको लिखित स्वीकृती प्राप्त नगरी कसैले कुनै प्रकारको घर, टहरो, पर्खाल आदि बनाउन वा त्यस्तो जग्गा आवाद गर्न पाईनेछैन ।

२) उपदफा (१) को उलङ्घन गरी कसैले कुनै घर, टहरो, पर्खाल आदि बनाएमा वा जग्गा आवाद गरेमा त्यसरी बनाएको घर, टहरो, पर्खाल आदि वा लगाएको बालीको कुनै क्षतिपूर्ति नदिई गाउँपालिकाले जफत गर्न सक्नेछ ।

**१९. एक कामको लागि लिएको जग्गा अन्य कामको लागि प्रयोग गर्न सकिने:** गाउँपालिकाले सरकारी कार्यको लागि कुनै सरकारी वा सार्वजनिक निकायको नाममा यस कार्यविधि बमोजिम प्राप्त गरिएको जग्गा जुन कामको लागि प्राप्त गरिएको हो सोही  कामका लागि आवश्यक नपरेमा वा त्यस्तो काममा प्रयोग गरेर वढी हुन आएको वा आवश्यक नपरेको वा बढी भएको जग्गालाई गाउँपालिकाले अन्य कुनै सार्वजनिक काममा प्रयोग गर्न सक्नेछ ।

**२०. तोकिएको म्यादभित्र उठाई नलगेमा मालबस्तु फिर्ता गर्नु नपर्ने :**

यस कार्यविधिको विभिन्न दफाहरु बमोजिम प्राप्त गरेको कुनै जग्गामा लगाएको बाली, रुख तथा त्यसमा बनेको घर, पर्खाल आदि उठाइ लैजान पाउनेमा तोकिएको म्यादभित्र त्यस्तो मालवस्तु उठाई नलगेमा ती मालवस्तु स्थानीय अधिकारीले आफ्नो कब्जामा लिन सक्नेछ र त्यस्तो मालबस्तुमा सम्बन्धित मालधनीको कुनै दावी लाग्ने छैन ।

**२१. तोकिएको म्यादभित्र क्षतिपूर्ति वा मुआब्जा बुझिलिनु पर्ने:** यस कार्यविधिको विभिन्न दफाहरुमा क्षतिपूर्ति वा मुआब्जा लिनको लागि तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मञ्जुर नगरेमा स्थानीय अधिकारीले

त्यस्तो क्षतिपूर्ति वा मुआब्जाको रकम बुझ्नको लागि तीन महीनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गर्नु पर्नेछ । सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआब्जा पाउने छैन र सो क्षतिपूर्ति वा मुआब्जाको रकम संचित कोषमा दाखिला गरिनेछ ।

२२. **स्थानीय अधिकारीले मद्दत गर्नुपर्ने :** यस कार्यविधिबमोजिम काम गर्न अधिकार पाएको कुनै अधिकारीले आफूले गर्नुपर्ने कुनै कामको सिलसिलामा प्रमुख जिल्ला अधिकारी वा स्थानीय प्रशासनको मद्दत माग्न सक्नेछ र यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिम भए गरेका कामकुरामा आवस्यक सहयोग गर्नु प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायको कर्तब्य हुनेछ ।

२३. **मापदण्ड बनाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः २०७६/०२/१०

आज्ञाले
**खिमानन्द भुसाल**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका